बकैया गाउँकार्यपालिकाको मिति २०७८।०१।०५ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. बेरोजगार युवा उद्यम कोष सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा बेरोजगार युवा उद्यम कोषमा रु. २५,००,०००।- विनियोजन गरिएकोमा सो रकमलाई कृषि विकास बैंक गरगरे शाखासङ्गको सहकार्यमा बेरोजगार युवाहरुलाई उद्यमशिलताको लागि ब्याज सहयोग गर्ने निर्णय गरियो ।

**२. दरबार विद्युत विस्तार सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका स्थित दरबार विद्युत विस्तारका लागि कार्यपालिकाको मिति २०७७।११।२० गतेको निर्णय अनुसार रु. १५,००,०००।- विनियोजन गरिएकोमा सो कार्यको लागि उपभोक्ता समिति मार्फत कार्य गराउने निर्णय गरियो ।

**३. बजेट रकमान्तर सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आ.व. २०७७।७८ को योजना तथा कार्यक्रमहरु सञ्चालनको क्रममा केही शिर्षकमा छुट्याईएको बजेट रकम अपुग भएको तथा केही शिर्षकमा छुट्याईएको बजेट रकम पुरै खर्च नहुने देखिएकोमा उक्त कार्यक्रमहरुलाई व्यवस्थापन गर्नका लागि तपशिल बमोजिम रकमान्तर गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविक कार्यक्रमको नाम | परिवर्तित कार्यक्रमको नाम | बजेट रकम रु. |
|---|---|---|---|
| १ | बालमैत्री वडा तथा गाउँपालिका स्तरीय सहजकर्ताको तलव तथा संचार खर्च | बालमैत्री कृयाकलाप तथा घोषणा | २,५०,०००।- |
| २ | सूचना तथा सञ्चार | नापीनक्सा | २०,००,०००।- |

**४. प्रदेश सरकार बाट सहयोग माग गर्ने सम्बन्धमा:-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको समग्र विकास सङ्गै स्वास्थ्य क्षेत्रको समेत क्रमिक विकास भईरहेको सन्दर्भमा स्वास्थ्य क्षेत्रलाई अझ सुधारका लागि बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय समक्ष तपशिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

१. छतिवन प्राथमिक स्वास्थ्य केन्द्रको लागि भिडियो एक्सरे १ थान
२. बकैया १ महादेवडाँडा, बकैया ६ जुइनामा ६ र बकैया १२ ठिङ्गनको लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मापदण्ड अनुसारको स्वास्थ्य भवन

**५. करार अवधि थप सम्वन्धमा:-**

प्रस्तुत विषयमा छात्रवृत्ति चिकित्सक परिचालन निर्देशिका, २०७१ को दफा ७(१) बमोजिम अस्थायी चिकित्सक आठौं तहमा मिति २०७६।०१।०८ गतेदेखि छतिवन प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर युवराज पाण्डेको मिति २०७८।०१।०७ गतेदेखि करार सम्झौता समाप्त हुने भएकोले हाललाई यसै स्थानीय तहबाट करार अवधि थप गर्न निजले अनुरोध गर्नु भएकोमा निजको कार्यसम्पादन मनासिब

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

देखिएकाले साविक अनुसारकै सेवासुविधा कायम गर्दै निजको करार अवधि २०७८ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

**६. अन्तरपालिका फुटबल प्रतियोगिता सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समिति मकवानपुर हेटौंडाको प.सं. २०७७।०७८, च.नं. ४७७, मिति २०७८।१२।१९ गतेको पत्रानुसार सो समितिको आयोजना तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरको व्यवस्थापनमा मिति २०७७ बैशाख ९ गतेदेखि सञ्चालन हुने फुटवल प्रतियोगितामा पत्रको साथ प्राप्त नियम बमोजिम खेलाडीहरुलाई सहभागिताको लागि पठाउने निर्णय गरियो ।

**७. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस गाउँपालिको संस्थागत क्षमता स्वमूल्याङ्कनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश सुशासन केन्द्रको तर्फबाट आउनु भएका विज्ञ प्रतिनिधिहरुको सहजीकरणमा आज मिति २०७८।०१।०५ गतेदेखि मिति २०७८।०१।०८ गतेसम्म कार्यशाला गोष्ठी आयोजना गर्ने गरियो ।

**८. नदिजन्य पदार्थ राजश्व संकलन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदिजन्य पदार्थहरु उत्खनन् गर्नका लागि जिल्ला विपद व्यवस्थापन समितिले दिएको समयावधि समाप्त भईसकेको तर अझपनि अवैध रुपमा उत्खनन् तथा ओसारपसार भईरहेको भन्ने गुनासो आईरहेकोमा चैत्र २० गतेको निर्णय बमोजिम नै निजहरुबाट प्रति घनफिट मुल्य अभिवृद्धि करसहितको राजश्व दर बराबर कायम हुने राजश्व दर रु.१०।१७ जरिवामा लिने तर स्थानीय स्तरमा घरायसी प्रयोजनका लागि प्रयोग गरिने नदिजन्य पदार्थको जरिवाना दर रु. ३।३९ प्रतिघनफिट लिने निर्णय गरियो ।

**९. योजनाहरु संशोधन सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा छैटौं गाउँसभाबाट वडागत रुपमा छुट्याईएको बजेट मध्ये केही योजना र विविध शिर्षकको रकम सम्बन्धित वडा समितिको संशोधन निर्णय तथा सिफारिशको आधारमा आगामी गाउँसभाबाट अनुमोदन हुने गरि तपशिल बमोजिमका योजनाहरु संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**तपशिल**

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | • रजुवा लिफ्ट सिंचाई योजना रु. ९,००,०००।- | • ख्याखु-बागफल-लुङ्वाखोप सडक मर्मत योजना रु.३,००,०००।-<br>• माथिल्लो महादेव देखि धार्मिक स्थल जाने बाटो निर्माण रु. १,००,०००।-<br>• धोविखोला-धोविडाँडा सडक निर्माण |

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | रु. ३,००,०००।-<br>• महादेवफेदी देखि वडा कार्यालय जाने बाटो ग्राबेल रु. २,००,०००।- |
| २ | • विविध खर्च रु. ५,००,०००।- | • लुकुनेडाँडा देखि चण्डीबजारसम्म सडक मर्मत रु. १,००,०००।-<br>• जनज्योती प्रा.वि. महादेवडाँडा जाने बाटो मर्मत रु. १,००,०००<br>• वडा कार्यालय भवनको जग-पेटि मर्मत रु. २,००,०००।-<br>• विविध रु. १,००,०००।- |

**१०. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको डी. सत्य स्वयम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र वडा नं. ४ मा रहेको चन्द्र बि.अ. कन्स्ट्रक्सनले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा विभिन्न कागजातहरु सहित निवेदन पेश गरेकोमा यस कार्यालयको "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धि कार्यविधिको दफा २ बमोजिम उक्त व्यवसायहरु दर्ताको लागि योग्य देखिएकोमा दर्ताको लागि अनुमति दिने निर्णय गरियो।

**११. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको ज्याला भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको सबै वडाका नागरिकहरुमा बैंक तथा वित्तिय संस्थाहरुको पहुँच नपुगेको र वडा कार्यालयबाट पटक पटक ताकेता गर्दा पनि थोरै रकमको लागि बैंक खाता झन्झट मान्ने साथै श्रमिकहरुद्वारा नगदै ज्याला उपलब्ध गराइ दिनु हुन माग गरिएको हुँदा युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४६ को उपदफा ४ बमोजिम भुक्तानी गर्ने र कामका लागि पारिश्रमिकमा आधारित आयोजना अन्तर्गत सञ्चालित कार्यक्रमको योजनाहरुको ज्याला वापतको रकम पनि उक्त कार्यविधिको सोही दफा बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हार्तिसुडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner